नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ०८/२०७७-७८** **मितिः २०७७/१२/०४**

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु र राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरु ।

**विषय : एकीकृत परिपत्र - २०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरूलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७६ को १.२.१ को बुँदा नं. (ञ) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

"यस व्यवस्था बमोजिम एक पटकमा अधिकतम अमेरिकी डलर एक लाख वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको मालसामान मात्र आयात गर्न सकिनेछ ।"

२. **विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७६ को १.२.२ को बुँदा नं. (ड) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

"यस व्यवस्था बमोजिम एक पटकमा अधिकतम अमेरिकी डलर एक लाख वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको मालसामान मात्र आयात गर्न सकिनेछ ।"

भवदीय,

२०७७/१२/०४

रामु पौडेल
(कार्यकारी निर्देशक)

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।

५. श्री नेपाल सरकार, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६. श्री नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
७. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
८. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग ।
९. श्री नेपाल सरकार, भन्सार विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
११. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
१२. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
१३. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१४. श्री नेपाल बैंकर्स संघ ।
१५. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१६. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१७. श्री नेपाल उद्योग परिसंघ ।